# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१२।०४ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

नेपाल विद्युत प्राधिकरण, रत्नपार्क वितरण केन्द्रमा कार्यरत तत्कालीन लेखापाल उमेशकुमार महतले उक्त केन्द्रका प्रमुख मनोजकुमार सिंह समेतको मिलेमतोमा ललितपुर वितरण केन्द्रमा सरुवा भएर जाँदा बरबुझारथ समेत नगरी गएको र ललितपुरमा समेत निजले २० लाख रकम हिनामिना गरेको सम्बन्धमा छानविन गर्दा १ करोड रकम हिनामिना गरेको भेटिएकोमा निजले छानविन समितिलाई नै प्रभावमा पारी ३० लाख मात्र तिराई सफाइ दिन लागेको भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज लेखापाल उमेशकुमार महतले नेपाल विद्युत प्राधिकरण रत्नपार्क वितरण केन्द्रमा कार्यरत रँहदा Bank Reconciliation Statement तयार गर्दा वास्तविक भौचरलाई निज आफैंले परिवर्तन गरी लेखा प्रमुख र कार्यालय प्रमुखलाई जानकारी नगराई Cash Book मा Posting गरी Cash Book को रकम भन्दा बढी रकम बैङ्कबाट भुक्तानी लिएको, सुपरभाइजरको रकम भुक्तान भैसकेपछि पुनः निजकै नाममा रु.१२,९३,४९२।७१ (बाह्र लाख त्रियानब्बे हजार चार सय बयानब्बे रूपैयाँ एकहत्तर पैसा) को Bearer चेक काटी आफैले भुक्तानी लिएको, भुक्तानी गर्ने क्रममा खास गरी कर्मचारीहरूका रकम भुक्तानी गर्न भौचर तयार गरी लेखा प्रमुख र कार्यालय प्रमुखबाट हस्ताक्षर गराई आफ्नै नाममा भुक्तानी लिई तत्पश्चात यथार्थ भौचरलाई Delete गरी पूर्व भौचरबाट बिलहरू झिकी सोही नम्बरमा अर्को घटी रकमको भौचर बनाई CAIS (Customized Account and Inventory System) मा पोष्टिङ्ग गर्ने र केही समयपश्चात पुनः उपरोक्तानुसार झिकीएको सक्कल कागजात (बिल) को आधारमा अर्को भौचर तयार गरी सम्बन्धित कर्मचारीलाई भुक्तानी गर्ने गरेको, कर्मचारीको तलब तथा निबृत्तिभरण भुक्तानी गर्ने क्रममा भौचर तयार गर्दा कुनै खर्च प्रमाण बेगर (खर्च समायोजन भनी) खर्च लेखाङ्कन गरी आफ्नो नाममा चेक बनाई भुक्तानी लिने समेतका कार्यहरू गरी रु.५२,१३,५९०।४३ (बाउन्न लाख तेह्र हजार पाँच सय नब्बे रूपैयाँ त्रिचालीस पैसा) बराबरको सरकारी सम्पत्तिको बदनियतसाथ हिनामिना, हानिनोक्सानी गरी निजी प्रयोगमा लगाएको स-प्रमाण पुष्टि हुन आएको हुँदा निज उमेशकुमार महतको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर अपराध हुँदा हिनामिना गरेको बिगो रु.५२,१३,५९०।४३ (बाउन्न लाख तेह्र हजार पाँच सय नब्बे रूपैयाँ त्रिचालीस पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

सह-सचिव एवं प्रवक्ता